राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १०६ २०८२ कात्तिक ३० गते आईतवार (16 Nov. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

### मधेश प्रदेशसभा खुला चौरमा

## सभामुख र उपसभामुख आमनेसामने



दैनिक समाचारदाता
जनकपुरधाम, २९ कात्तिक । मधेश प्रदेश सभामा पछिल्ला दिनमा बढिरहेको राजनीतिक तनाव आज खुला प्राङ्गणमै सभा सञ्चालन गर्न पुगेको छ। नियमित भवनभित्र सुरक्षाजन्य जोखिम र अव्यवस्थित वातावरण बढेपछि उप-सभामुख बबिताकुमारी राउत ईशरको अध्यक्षतामा प्रदेश सभा सभामुख कार्यालयअगाडि रहेको खुला चौरमा बसाइएको हो। सात दलका प्रदेश सभा सदस्यहरूको उपस्थिति रहेको यस बैठकमा पूर्व सभामुख तथा जसपा संसदीय दलका नेता सरोजकुमार यादवले सभामुख रामचन्द्र मण्डलले नैतिकताको आधारमा तात्त्काल राजीनामा दिनुपर्ने माग कडाइका साथ दोहोर्याए।

नेता यादवले सभामुखविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भइसकेपछि राजनीतिक मर्यादा र पदको गरिमा जोगाउन सभामुख मण्डलले स्वयं पद छोर्नु उचित हुने बताए। उनले राजीनामा नआएमा रामानन्द चौकमै वैकल्पिक सभा सञ्चालन गरी नयाँ सभामुख चयन गर्ने चेतावनीसमेत दिए। उनका अनुसार सात दलका सांसदहरूले अविश्वास प्रस्ताव दर्ता गराउन जाँदा सभामुखको इसारामा सांसदहरूमाथि दुर्व्यवहार भएको घटना अस्वीकार्य र लोकतान्त्रिक परम्पराविपरीत छ।

सात दलका सांसदहरूले सभामुख मण्डललाई निष्पक्षताको मूल मूल्य त्यागेर एमालेका कार्यकर्ताजस्तै भूमिका खेलिरहेको आरोप लगाएका छन्। उनीहरूले मण्डलले सदन सञ्चालनका नाममा एक पक्षीय हैकम चलाएको, प्रक्रियागत मर्यादा उल्लंघन गरेको र सभालाई पार्टीगत स्वार्थअनुसार प्रयोग गर्न खोजेको दाबी गरेका छन्। नेपाली कांग्रेस, जसपा, लोसपा, जनमत पार्टी, माओवादी केन्द्रलगायत दलका प्रदेश सभा सदस्यहरूले संयुक्त रूपमा अविश्वासको प्रस्ताव दर्ता गराएका थिए।

अविश्वास दर्ता भइसकेपछि पाँच जना प्रदेश सभा सदस्यहरू बैठकमा उपस्थित नहुने भन्दै सचिवालयमार्फत निष्कासन गरिएको थियो। तर यिनै सदस्यहरू एक दिनअघिको विश्वासको मतका लागि बोलाइएका बैठकमा उपस्थित रहेको घटना प्रदेश सभाको निर्णय-प्रक्रिया कति विवादित बन्दै गएको छ भन्ने उदाहरण बनेको छ।

सभामुख मण्डल 'एमाले कार्यकर्ता' बनेर सदन सञ्चालन गरिरहेको आरोप तीव्र बन्दै गएपछि सात दलका सांसदहरूले प्रदेश सभा खाली गर्न अल्टिमेटमसमेत दिएका छन्। उनीहरूले 'गुण्डागर्दी शैली' जारी रहे थप शक्तिशाली आन्दोलनमा जाने चेतावनी दिए। यस्तै सभामुखले प्रदेशसभा परिसरमै आफ्ना कार्यकर्ता भरेर राखेको आरोप बढेपछि उपसभामुख राउतले आफू असुरक्षित महसुस गर्दै सरकारी आवास छाड्ने निर्णय गरेकी छन्।

बाँकी ३ पृष्ठमा

## बिहार निर्वाचनमा हारपछि कांग्रेसद्वारा धाँधलीको आरोप



एजेन्सी
नयाँ दिल्ली २९ कात्तिक । बिहार विधानसभा चुनावमा पार्टीले नराम्रो हार बेहोरेपछि भारतीय राष्ट्रिय कांग्रेसले शनिबार दिल्लीमा पहिलो समीक्षा बैठक बोलाएको छ ।

कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गेको निवासमा भएको उक्त बैठकमा राहुल गान्धी, केसी वेणुगोपाल र अजय माकन लगायतका वरिष्ठ नेताहरू उपस्थित थिए । बैठकमा नेताहरूले चुनावको नतिजाको समीक्षा गर्दै पार्टी संगठनमा देखिएका कमजोरीहरूबारे छलफल गरे । साथै, आगामी रणनीतिबारे विभिन्न सुझावहरू पनि प्रस्तुत गरिए । भारतीय पत्रिका भास्करका अनुसार पार्टीले बिहारमा यति ठुलो हार किन भयो भन्नेबारे गहन अध्ययन गरिरहेको छ ।

बैठकपछि कांग्रेसका नेताहरूले भाजपामाथि चुनावमा धाँधली गरेको आरोप लगाएका छन् । कांग्रेस नेता केसी वेणुगोपालले पार्टीले धाँधलीका प्रमाणहरू संकलन गरिरहेको र आगामी दुई हप्ताभित्र देशसामु सार्वजनिक गर्ने बताएका छन् ।

यस चुनावमा कांग्रेसले ६० सिटमा उम्मेदवारी दिएको थियो, तर जम्मा ६ सिटमा मात्र जित हासिल गर्न सक्यो । पार्टीको भोट सेयर ८.७१५ मा झरेको छ । सन् २०२० को चुनावमा कांग्रेसले ७० सिटमा प्रतिस्पर्धा गर्दा १९ सिट जितेको थियो र ९.६५ भोट पाएको थियो ।

बाँकी ३ पृष्ठमा

## सात दलीय गठबन्धनद्वारा सर्वदलीय बैठक बहिष्कार



दैनिक समाचारदाता
जनकपुरधाम, २९ कात्तिक । मधेश प्रदेश प्रमुखले आह्वान गरेको सर्वदलीय बैठक सात दलीय गठबन्धनले बहिष्कार गरेको छ ।शनिवार दिउँसो ३ बजे प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले सर्वदलीय बैठक आह्वान गरेका थिए । तर सर्वदलीय बैठकमा वर्तमान मुख्यमन्त्री सरोज कुमार यादव नेकपा एमाले संसदीय दलको नेताको हैसियतले सहभागी हुने भएका कारण अन्य दल बैठक बहिष्कार गरेका हुन् । बैठकमा मुख्यमन्त्री यादव भने पुगेका छन् । जसपा नेपालका प्रमुख सचेतक राम अशिष यादवले असंवैधानिक रूपमा नियुक्त भई होटेलमा सपथ खाएका वर्तमान मुख्यमन्त्री सो बैठकमा सहभागी हुने भएकाले सात दलीय गठबन्धनले बहिष्कार गरेको बताए ।'बैठकमा वर्तमान मुख्यमन्त्री पनि सहभागी हुन्छन् । उनी असंवैधानिक तरिकाले नियुक्त भएकाले हामीले सर्वोच्चमा रिट गरेका छौं । सुनवाई हुन बाँकी छ,' उनले भने, 'त्यसकारण विवादित मुख्यमन्त्री उपस्थित बैठकमा सात दलीय गठबन्धनले बैठक बहिष्कार गरेको हो ।'

## सभामुखको असवैधानिक कदमविरुद्ध सात दलको विरोध प्रदर्शन

दैनिक समाचारदाता
जनकपुरधाम, २९ कात्तिक । मधेश प्रदेशमा पछिल्ला दिनमा देखिएका निरन्तर असंवैधानिक कदम र अधिकार दुरुपयोगविरुद्ध सात दलिय गठबन्धनले आज जनकपुरधाममा विरोध प्रदर्शन गरेका छन । सभामुख रामचन्द्र मण्डलले अवैध ढंगले लिएका निर्णयका कारण प्रदेशसभा अनिश्चितताको दिशातर्फ धकेलिएको भन्दै सात दलले संयुक्त रूपमा प्रदर्शन गरेको हो ।

जनकपुरधामको कुवा बजारबाट सातदलका हजारौ नेता कार्यकर्ताको सहभागितामा शुरु प्रदर्शन मधेश प्रदेशसभा पुगेको थियो । सभामुख मण्डलको असंवैधानिक कदमको विरोधमा विभिन्न नारा जुलुस गर्दै प्रदर्शनकारीले प्रदेशसभा पुगेका थिए ।

सात दलका अनुसार सभामुख मण्डलले अविश्वासको प्रस्ताव दर्ता गरिएलगत्तै लोकतान्त्रिक अभ्यास र संसदीय मर्यादाको खुलेआम उल्लङ्घन गर्दै पाँच जना प्रदेशसभा सदस्यलाई पदमुक्त गर्ने पत्र सार्वजनिक गरेका थिए, जसले राजनीतिक वातावरणलाई थप

बाँकी ३ पृष्ठमा




## मुख्यमन्त्री यादवद्वारा प्रतिकार गर्न अपील

*जनकपुरधाम । मुख्यमन्त्री सरोज कुमार यादवले सात दलिय आन्दोलनको प्रतिकार गर्न आम जनतामा अपील गरेका छन ।*

*मुख्यमन्त्री यादवले आज पत्रकार सम्मेलनको आयोजना गरि मधेश केन्द्रित दलले पुन: मधेशका सोझा साझा जनतालाई भडकाई शहीद बनाउने प्रपञ्च रचेको भन्दै त्यस्ता कार्यको प्रतिकार गर्न अपील गरेका हुन ।*

*मधेशी जनतालाई नेकपा एमालेलाई प्रमुख मधेशवादी निर्वाचनबाटै बनाइ सकेको दावी गर्दै यादवले संघीयताको लागि गरेको आन्दोलनकै बलमा सधै सत्तामा टाँसी रहने लोसपा जसपाको रणनीतिलाई मधेशी जनताले अस्वीकार गरेको दावी गरेका छन । उनले भने,'आन्दोलन गरेकै बलमा सधै सत्तामा रहन पाउनु पर्ने हो भने, नेपालको एकीकरण गरेका पृथ्वी नारायणका सन्तालन ज्ञानेन्द्रलाई किन सत्ताबाट हटाइयो ।*

*आफनो नियुक्तीको विषय सर्वोच्च अदालतमा विचाराधिन रहेको उल्लेख गर्दै यादवले सो मुद्दामा सडक आन्दोलन तताउने कार्य गर्नु पुन: मधेशलाई द्वन्दमा फसाउने बाहेक*



*अन्य केही नरहेको दावी समेत गरेका छन ।*



## सम्पादकीय

# सोच परिवर्तन अपरिहार्य

मधेश प्रदेशमा बालविवाह आज पनि विकासका मूलभूत सूचकहरूलाई चुनौती दिने गम्भीर सामाजिक रोगका रूपमा विद्यमान छ। संघ, प्रदेश र स्थानीय तहदेखि सरकारी तथा गैरसरकारी संस्थासम्म सक्रिय भएर अभियान चलाइरहँदा पनि यस समस्याले ज्यूँका त्यूँ रूपमै निरन्तरता पाइरहनु हाम्रो सामाजिक संरचनाको कठोर यथार्थ हो। २०७८ को राष्ट्रिय जनगणनाले प्रस्तुत गरेको तथ्यांकले मधेशमा बालविवाह अन्त्यका नाममा भइरहेका प्रयासहरू पर्याप्त नबनेको मात्र होइन, समस्या अझै जरा गाडेर बसेको स्पष्ट संकेत गर्दछ।

जनगणनाका अनुसार मधेशमा १० वर्ष नपुग्दै विवाह हुने ०.२ प्रतिशत घटना तथ्य मात्र होइन, समुदायभित्रको सोच, दबाब, दाइजो संस्कृति र लैङ्गिक असमानताले सृजित गहिरो संकटको चित्र हो। १०(१४ वर्षभित्र विवाह गर्ने ९.३ प्रतिशत तथा १५(१७ वर्षमा वैवाहिक बन्धनमा बाँधिने २७.७ प्रतिशत किशोरीहरूले मधेशमा बालविवाह आज पनि सामाजिक 'स्वीकृति' पाएको रहेको प्रमाणित गर्छ। १८(२० वर्षको उमेर समूहभित्र महिलाको औसत विवाह उमेर १७ वर्ष भएको तथ्यले लैङ्गिक विभेद कति बलियो छ भन्ने स्पष्ट देखाउँछ। सेभ द चिल्ड्रेनका अनुसार १८ वर्ष नपुग्दै विवाह गर्ने महिलाको दर ४२.४ प्रतिशत, महोत्तरीमा झनै ४३.३ प्रतिशत(यी अंकहरूले किशोरी शिक्षा, निर्णय क्षमता, आर्थिक स्वतन्त्रता र परिवारगत दबाबबीचको सम्बन्ध कति जटिल छ भन्ने उजागर गर्छ।

यद्यपि, सामाजिक परिवर्तनका प्रयासहरू पूर्णतः निष्फल भने छैनन्। स्थानीय तहहरूले पछिल्ला वर्षहरूमा सञ्चालन गरेका 'छोरी शिक्षा कार्यक्रम', किशोरी समूह गठन, घरघरमै निरन्तर सचेतना अभियान र व्यवस्थित डेटा संकलनजस्ता उपायले केही क्षेत्रमा सकारात्मक परिणाम देखिएका छन्। मटिहानी नगरपालिकाको उदाहरण उल्लेखनीय छ, जहाँ निरन्तर अभियानपछि बालविवाह "लगभग शून्यमा" पुगेको दाबी नगरप्रमुखले गरेका छन्। यसले स्पष्ट गर्छ(यदि कार्यक्रमहरू कागजमै सीमित नभई व्यवहारमा कार्यान्वयन भए, सामुदायिक स्वामित्व निर्माण भयो भने परिणाम सम्भव छ।

प्रदेश सरकारसमेत २०७८ सालमै सन् २०३० भित्र मधेशलाई बालविवाह(मुक्त बनाउने लक्ष्यसहित १० वर्षे रणनीतिक योजना ल्याइसकेको छ। प्रदेश बालअधिकार ऐन २०७७, लैङ्गिक समानता नीति २०७८, बालिका सशक्तीकरण तथा संरक्षण ऐन २०८१ तथा 'बेटी बचाउ, बेटी पढाउ' अभियान जस्ता नीतिगत हस्तक्षेपहरू महत्त्वपूर्ण छन्। तर यी सबै प्रयासहरूका बाबजुद पनि परिणाम अपेक्षित गतिमा अगाडि नबढ्नुको कारण गहिरो सामाजिक संरचनात्मक समस्या नै हो।

पहिलो, परम्परागत सांस्कृतिक मान्यताले अझै पनि बालविवाहलाई 'ठीक' मान्ने धारणा बलियो छ। दाइजो, सामाजिक प्रतिष्ठा, छोरीलाई बोझरूपमा हेर्ने सोच, "छिट्टै बिहे गरिदेऊ, समस्या हट्छ" भन्ने संस्कारले कानूनभन्दा भीषण प्रभाव जमाइरहेको छ।

दोस्रो, शिक्षा, स्वास्थ्य, आर्थिक अवसर र सामाजिक सुरक्षा प्रणालीमा रहेको असमानता। यसले किशोरीहरूलाई सक्षम नागरिक बन्न नदिई उनीहरूलाई शोषण र बाध्यतापूर्ण वैवाहिक जीवनतर्फ धकेलिरहेको छ।

त्यसैले, बालविवाह नियन्त्रणका लागि कानुनी कठोरता वा बाह्य अभियान मात्रै पर्याप्त हुँदैन। यसका लागि दीर्घकालीन सामाजिक परिवर्तनको मार्ग रोज्नैपर्छ। समुदाय स्तरमै व्यवहार परिवर्तन, परिवारस्तरको सोच रूपान्तरण, किशोरीहरूको शिक्षा र आर्थिक सशक्तीकरण, पुरुष तथा अभिभावकलाई लक्षित सचेतना कार्यक्रम, तथा स्थानीय नेतृत्वको निरन्तर सक्रियता( यी सबै कदम एकसाथ अघि बढे मात्र बालविवाहको जडमा प्रहार हुन सक्छ। मधेशमा बालविवाह सामाजिक संरचनामा जमिनमै गाडिएको समस्या हो। केही सकारात्मक संकेतहरू देखिएका छन्(तर अझ ठूलो यात्रा बाँकी छ। सामाजिक मानसिकता परिवर्तन, आर्थिक अवसर विस्तार र लैङ्गिक समानता सुनिश्चित गर्न सके मात्र आगामी पुस्ताले बालविवाहलाई ख्भचनबलनभलजभष्त (अतीत) को शब्द बनाइदिन सक्छ।

यसकारण, मधेश प्रदेशका नीति निर्माता, स्थानीय सरकार, समुदाय र परिवार सबैले अब 'कानुन बनाउने' भन्दा धेरै, 'मानिसको सोच बदल्ने' दिशामा अग्रसर हुन आवश्यक छ। सुधारको सुरुआत भइसकेको छ, तर बालविवाहमुक्त मधेश निर्माण अझै कठिन, तर सम्भव यात्राको सुरुआत मात्र हो।

# किन ढिलो पत्ता लाग्छ मधुमेह ?



कमला गुरुङ

बाराकी ६० वर्षीया देवीकुमारीलाई मधुमेह (चिनी) रोग लागेको करिब १५ वर्ष भयो। ४५ वर्षको उमेरदेखि नै उनी मधुमेह रोगको औषधि नियमित रुपमा सेवन गर्दै आइरहेकी छिन्।

घरको काम र खेतबारीमै जीवन निर्वाह गर्दै आएकी उनलाई यो रोग बारे खासै जानकारी थिएन। न त उनी सचेत नै थिइन्। घरमा जे पाक्यो त्यही खाएर जीवन निर्वाह गर्दै आएकी उनी खानपान र जीवनशैलीका कारण पनि मधुमेह रोग लाग्छ भन्ने बारे अनभिज्ञ थिइन्।

मुख सुख्खा हुने, खुट्टा पोल्ने र एक्कासी चक्कर लागेर बेहोस हुने अवस्था आएपछि उनी अस्पताल पुगिन्। परीक्षणका क्रममा मात्र उनलाई मधुमेह रोग लागेको पुष्टि भयो। सुरुमा त उनलाई विश्वास नै गर्न गाह्रो भयो। तर चिकित्सकले मधुमेह भएको पुष्टि गरेपछि मात्र उनले विश्वास गरिन्।

भन्छिन्, 'म त खेतबारीमै काम गर्ने, जे पाक्यो त्यही खाने मान्छे। चिनी रोग लाग्छ भनेर कहिल्यै पनि सोचेकै थिइन्। एकदिन चक्कर लागेर ढल्न लाग्दा अस्पताल गएँ। त्यसपछि मात्र मलाई यो रोग लागेको थाहा भयो।'

यसअघि उनले कहिल्यै पनि मधुमेहको नियमित परीक्षण गरेकी थिइनन्। उनी मात्र नभई चितवनकी ३२ वर्षीया एलिना पनि मधुमेहबाट ग्रसित छिन्। चार वर्ष भयो उनलाई मधुमेह भएको। मधुमेहबारे उनलाई थाहा त थियो तर आवश्यक बाहेक उनले कहिल्यै पनि नियमित परीक्षण भने गराएकी थिइनन्।

मधुमेहको समस्या उनलाई छोरा गर्भमा रहेको बेलादेखि सुरु भएको हो। छोरा गर्भमा रहेको बेला धेरै भोक तथा प्यास लाग्ने, मुख सुख्खा हुने, लगातार पिसाब लाग्ने लक्षण उनमा देखिन थाल्यो। मधुमेह परीक्षण गर्दा नै उनको २ सय एमजीडिल रहेको उनले बताइन्। अधिकांश महिलामा शिशुको जन्मपछि यो रोग ठिक हुने भएपनि उनको हकमा भने त्यसो भएन। कारण, उनी मधुमेहको प्रिडायबटिज थिइन्।

'मैले गर्भ रहनुअघि मधुमेहको परीक्षण गरेकी थिइन्।' उनले भनिन्, 'पछि डाक्टरले मेरो शरीरमा चिनी रोग पहिले नै रहेको कुरा बताउनुभयो,' उनले भनिन्।

हाल उनी नियमित औषधिको सेवन र परीक्षणमा छिन्। नियमित परीक्षण गरेको भए सायद मधुमेह समयमै पत्ता लाग्ने कुरा उनले अहिले महसुस गर्दैछिन्।

'मधुमेह बारे थाहा त थियो। तर नियमित जाँच कहिल्यै गरिँन,' उनले भनिन्, 'बेला बेला चेक गरेको भए सायद समयमै थाहा हुन्थ्यो की?'

### अधिकांशले मधुमेह भएको थाहै पाउँदैनन्

एलिना र देवीकुमारी उदाहरणीय पात्रहरु मात्र हुन्। उनीहरु जस्तै अधिकांशमा मधुमेह भएपछि मात्र थाहा हुने समस्या नेपालमा ठूलै छ। मानिसहरु अहिले आफ्नो स्वास्थ्य र रोगप्रति सचेत त हुँदै गएका छन्। तर आवश्यक बाहेक नियमित परीक्षण गराउन भने खासै चाँसो दिँदैनन्। यसैकारण अधिकांशमा रोग लागेपछि मात्र बिरामीहरु अस्पताल धाउन थाल्छन्।

थापाथलीस्थित नर्भिक अस्पतालकी कन्सल्टेण्ट इन्डोक्राइनोलोजिस्ट डा कामाक्श्या शाह ५० प्रतिशतलाई मधुमेह रोग लागेको बारे थाहा नै नहुने बताउँछिन्। शरीरमा केही स्वास्थ्य समस्या देखिएपछि मात्र अस्पताल आउने गरेको बताइन्।

उनले भनिन्, 'घाउ निको नभएपछि, पिसामा संक्रमण देखिएपछि र लगातार तौल घट्ने जस्ता समस्या भएपछि मात्र बिरामीहरु अस्पताल आउँछन्। होइन भने यो रोग लागेको कति दिन महिनासम्म पनि बिरामीहरु अस्पताल आउँदैनन्।'

अस्वस्थकर खानपान र निष्क्रिय जीवनशैलीका कारण अहिले युवा अवस्थामा पनि मधुमेहको जोखिम बढ्दै गएको उनले बताइन्।

उनले भन्छिन्, 'अहिले १८/२० वर्ष जस्तो कलिलो उमेरमा पनि मधुमेहको समस्या देखिन्छ। जंक तथा फास्ट फूड अनि दिनभर टेबल वर्कका कारण टाइप टु मधुमेहको समस्या बढ्दो छ।'

उनका अनुसार स्वस्थकर खानपान, जीवनशैली र तनाव व्यवस्थापन गर्ने हो भने मात्र पनि मधुमेहको जोखिम ८० प्रतिशतसम्म कम गर्न सकिन्छ। मधुमेहलाई बेलैमा निदान गर्न सके नियन्त्रण पनि गर्न सकिने उनले बताइन्। तर नियमित परीक्षण तथा रोगप्रति बिरामी चनाखो नहुँदा समस्या भयावह बन्दै गइरहेको उनको अनुभव छ।

समयमै नियन्त्रण गर्न नसके मधुमेहका कारण जटिल अवस्था पनि निम्तन सक्छ। मिर्गौला खराबी हुने, आँखाको रेटिनामा समस्या आउने, अन्धोपना हुन सक्ने, मुटु, फोक्सो जस्ता अंगलाई खराबी गर्ने र लामो समय घाउ निको नभएर अंग नै काट्नुपर्ने स्थिति समेत आउन सक्ने उनले बताइन्। वर्षमा एक पटक सबैले नियमित रुपमा मधुमेह परीक्षण गराउनै पर्ने उनको सुझाव छ।

'मधुमेह नियन्त्रण गर्न सकिने रोग हो। तर खानपान र जीवनशैली नमिलेर नै यो समस्या बढ्दो छ। वंशाणुगत कारण आफ्नै ठाउँमा होलान्। तर १८/२० वर्षको उमेरमा मधुमेह रोग लाग्न नहुने हो,' उनले भनिन्।

### *भयावह बन्दै मधुमेहको समस्या*

मधुमेहको समस्या नेपालमा मात्र नभई विश्वमै भयावह स्थिति छ। इन्टरनेशल डायबडिज फेडेरेशनको तथ्यांकले मधुमेहको समस्या वर्षेनी डरलाग्दो अवस्थामा बढीरहेको देखाउँछ।

फेडेरेशनका अनुसार हाल विश्वभर ५९ करोड मानिस मधुमेह रोगबाट ग्रसित छन्। र, यो संख्या ४६ प्रतिशतले बढेर ८५ करोड ३० लाख पुग्ने फेडेरेसनको अनुमान छ। फेडेरेशनको सन् २०२५ को तथ्यांकले २० देखि ७९ वर्षका ९ मध्ये एक जनामा मधुमेह रोग रहेको र जसमा १० मध्ये ४ जनालाई यो रोग लागेको बारे थाहा नै नभएको देखाउँछ।

५ मध्य ४ मधुमेहका बिरामी कम र मध्यम आय भएका देशका रहेको तथ्यांकमा उल्लेख छ। सन् २०२४ मा विश्वमा मधुमेहका कारण ३४ लाख मानिसको मृत्यु भएका थिए। अनुमानित करिब ४३ प्रतिशत अर्थात् २५ करोड २० लाख मानिसहरुको मधुमेह निदान भएको र करिब ९० प्रतिशत त कम तथा मध्यम आय भएका देशको रहेको फेडेरेशनले जनाएको छ।

नेपालमा कति मधुमेहका बिरामी छन् भन्ने यकिन तथ्यांक छैन। तर फेडेरेशनले अभिलेख गरेको विश्वभरको तथ्यांकमा नेपालको तथ्यांक पनि समावेश गरेको छ। जसमा नेपालमा २० देखि ७९ वर्ष उमेरका १२ लाख ५९ हजार १ सय जना मधुमेहका बिरामी रहेको अनुमान गरिएको छ। तथ्यांक अनुसार नेपालमा २ हजार ७७६ जनाको मृत्यु मधुमेहका कारण भएका छन्।

स्वस्थकर खानपानमा जोड दिऔं-पोषणविद्

मधुमेहलाई सामान्य भाषामा चिनी रोग पनि भनिन्छ। व्यस्त, भागदौडपूर्ण अस्वस्थकर जीवनशैलीका कारण मधुमेहको समस्या तीव्र गतिमा फैलिँदैछ।

हतारको भागदौडमा अधिकांश मानिसहरु स्वस्थ र पौष्टिक खानाभन्दा पनि सजिलो र छिटो खानातर्फ आकर्षित भइरहेका छन्। बजारमा पाइने प्रशोधित खानेकुरा हाम्रो दैनिकी बन्दै गइरहेको छ। खानपानमै ध्यान नदिँदा मधुमेहको जोखिम बढ्दै गइरहेको पोषणविद् नानी शोभा शाक्य बताउँछिन्।

स्वस्थकर खानपान हाम्रो जीवनको महत्वपूर्ण हिस्सा भएपनि अधिकांश मानिस स्वादका हिसाबले पनि प्रशोधित तयारी खानेकुरातर्फ बढी आकर्षित भइरहेको उनको बुझाई छ।

उनी भन्छिन्, 'मानिसहरु शरीरलाई चाहिनेभन्दा बढी खान्छन्। त्यसमा पनि पोषण कम भएका प्रशोधित चिल्लो, नुनिलो, मसालेदार खानेकुरा हुन्छन्। जसले मोटोपनाको समस्या बढाउँछ। अनि चिनी रोग निम्त्याउँछ।'प्रोटिन, फाइबर, चिल्लो पदार्थ लगायत सबै सन्तुलित खानेकुरा खानुपर्नेमा उनको जोड छ। हामीले खाने खानामा पनि सागसब्जी, फलफूलभन्दा कार्बोहाइड्रेट भएका खानेकुरा नै बढी खाँदा पनि मधुमेह रोगको जोखिम बढाएको उनी बताउँछिन्। खानपानमा विशेष ध्यान दिन सकेमा मधुमेह रोगबाट बच्न सकिने उनको भनाइ छ।

# आवश्यक टेलिफोन नम्बरहरू

## एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

## प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

## अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

## महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# बिहार चुनावमा कंग्रेस ६ सिटमा खुम्चिनुका पाँच कारण



एजेन्सी
बिहार । बिहार विधानसभा चुनावको नतिजा आइसकेको छ। राज्यको २४३ सिटमध्ये २०२ सिट जितेर एनडीएले ऐतिहासिक बहुमत हासिल गरेको छ। राष्ट्रिय जनता दल (आरजेडी), भारतीय राष्ट्रिय कंग्रेस (कंग्रेस) र अन्य दलहरूको महागठबन्धनले भने ठुलो र अप्रत्याशित हार बेहोरेको छ।



महागठबन्धनमा कंग्रेस पार्टीको अवस्था झनै खराब रह्यो। यसले उम्मेदवार बनाएका ६० सिटमध्ये केवल छ सिट मात्र जित्यो। यसपटक कंग्रेसको भोट शेयर ८.७१ प्रतिशत रह्यो, जुन २०२० को विधानसभा चुनावको ९.६ प्रतिशत भन्दा कम हो। गत चुनावमा कंग्रेसले १९ सिट जितेको थियो। विगत केही दशकदेखि बिहार कंग्रेसका लागि राजनीतिक रूपमा धेरै कठिन रहँदै आएको छ। सन् २०१५ मा पार्टीले २७ सिट जितेको थियो भने २०१० मा केवल चार सिटमा सीमित भएको थियो। यसपटक केवल छ सिट जित्नुको अर्थ प्रत्येक दस उम्मेदवारमध्ये एक जनाले मात्र चुनाव जिते।

विश्लेषकहरूका अनुसार कंग्रेसको यो कमजोर प्रदर्शन अप्रत्याशित भए पनि यसको सङ्केत चुनावी अभियानको समयमा नै देखिएको थियो। सन् १९९० देखि बिहारमा कंग्रेसको मुख्यमन्त्री छैन र पार्टी धेरैजसो समय सत्ता बाहिर रह्यो।

चुनावी नतिजापछि कंग्रेससँग सम्बन्धित अधिकांश नेताहरूले यो नतिजाको लागि निर्वाचन आयोगलाई जिम्मेवार ठहराएका छन्। कंग्रेस प्रवक्ता पवन खेडाले 'यो चुनाव बिहारका जनता विरुद्ध निर्वाचन आयोगको हो' भनेका छन् भने दिग्विजय सिंहले 'यो सम्पूर्ण खेल नक्कली मतदाता सूची र नक्कली ईभीएमको बारेमा हो' भनेका छन्। भूपिन्दर हुड्डाले भने यो हार अप्रत्याशित भएको र कारणहरूको समीक्षा गर्ने बताएका छन्।

यद्यपि, विश्लेषकहरूले कंग्रेसको यो कमजोर प्रदर्शनको कारण सामाजिक आधारको अभाव, कमजोर संगठन, गठबन्धनसँग समन्वयको अभाव र उम्मेदवार छनोटमा लापरबाही रहेको बताएका छन्।

*१. कमजोर सामाजिक आधार*

बिहारमा कंग्रेसको बलियो सामाजिक आधार छैन र यो पार्टीको खराब नतिजाको सबैभन्दा ठुलो कारण रहेको विश्लेषकहरू विश्वास गर्छन्। वरिष्ठ पत्रकार सुरुर अहमद भन्छन्, 'कंग्रेसको बलियो सामाजिक आधार छैन। माथिल्लो जातले पहिले नै पार्टी छोडिसकेका छन्, र पिछडिएका जातहरू पनि पार्टीमा सामेल भएका छैनन्।' उनी कंग्रेस विचारधारामा आधारित पार्टी भए पनि बिहारको राजनीतिमा जात र सामाजिक गतिशीलताको प्रभुत्व रहेको बताउँछन्।

प्रभात खबरका प्रदेश प्रमुख अजय कुमारका अनुसार कंग्रेसले बिहारमा आफ्नो कमजोर समर्थन आधारलाई पुनः एकताबद्ध गर्न कुनै गम्भीर प्रयास गरेको छैन। राहुल गान्धीले लोकसभा चुनावको समयमा दलित र ईबीसी जातिहरूसँग जोड्ने प्रयास गरे पनि यो चुनावमा त्यो प्रयास असफल भएको अजय कुमार बताउँछन्।

पत्रकार नचिकेता नारायणका अनुसार राहुल गान्धीले चुनावको दुई महिना अगाडि पिछडिएका वर्ग सम्बन्धी प्रस्ताव जारी गरे पनि पार्टीले त्यसको प्रचार नगर्दा पिछडिएका जातिहरूमाझ पार्टीको पकड कमजोर रह्यो।

*२. वैचारिक चुनौतीहरू*

भाजपाको बलियो हिन्दुत्वको एजेन्डा छ र यसले पछिल्लो दशकमा धेरै चुनाव जितेको छ। सुरुर अहमद भन्छन्, 'कंग्रेसको अगाडि एउटा ठुलो चुनौती भनेको मानिसहरू यसको विचारधारासँग जोडिन असमर्थ हुनु हो। बिहारका जनताले कंग्रेसको विचारधारा र रणनीति दुवैलाई अस्वीकार गरेका छन्।' उनी यो चुनौती बिहारमा मात्र सीमित नभएको र कंग्रेसले गहिरो सोच्न आवश्यक रहेको बताउँछन्।

विश्लेषकहरू सामाजिक सञ्जाल र सूचना विस्फोटको यस युगमा मानिसहरू भावनात्मक रूपमा बढी प्रभावित भएको विश्वास गर्छन्। सुरुर अहमद भन्छन्, 'कंग्रेस र विश्वभरका अन्य वामपन्थीदेखि केन्द्रसम्मका दलहरूले यो चुनौतीको सामना गरिरहेका छन्। तिनीहरू मानिसहरूसँग भावनात्मक रूपमा जोडिन वा दक्षिणपन्थी दलहरूले जस्तै उनीहरूको भावनालाई प्रभाव पार्न असमर्थ छन्।'

*३. कथा सिर्जना गर्न असफल*

बिहार विधानसभा चुनावमा कंग्रेसले बेरोजगारी, सामाजिक न्याय, आरक्षण, निःशुल्क बिजुली जस्ता मुद्दाहरू घोषणापत्रमा समावेश गरे पनि पार्टीको चुनावी अभियान बिहार मतदाता सूचीको विशेष संशोधन र 'मत चोरी' जस्ता मुद्दाहरूले हावी भयो।

बिहारका जनता मत चोरीका मुद्दाहरूसँग जोडिन सकेनन् र कंग्रेस पार्टी प्रभावकारी कथा सिर्जना गर्न असफल भएको विश्लेषकहरू विश्वास गर्छन् । पत्रकार नचिकेता नारायण भन्छन्, 'भोट चोरीलाई चुनावी मुद्दा बनाउने कुरा बिहारका जनताले बुझेनन् र यसले कथा निर्माणमा समस्या सिर्जना गर्‍यो।'

अजय कुमार पनि कंग्रेस बिहारमा आफ्नै कथा सिर्जना गर्न सफल नभएको बताउँछन्। अर्कोतर्फ, एनडीए गठबन्धनले लालु यादवको शासनकालमा भएको कथित 'जंगल राज' लाई आफ्नो कथाको आधार बनायो। सुरुर अहमद भन्छन्, 'कंग्रेस र महागठबन्धनका दलहरू कथाको लडाईंमा हारे।'

*४. गठबन्धनसँग समन्वयको अभाव*

बिहार चुनावमा एनडीए बलियो बन्दै गइरहेको बेला महागठबन्धनका प्रमुख दलहरू कंग्रेस र आरजेडीबिच समन्वय र विश्वासको अभाव देखिन्थ्यो। अजय कुमार भन्छन्, 'बिहारमा, कंग्रेस पार्टीले न त आफ्नो संगठन बलियो बनाउने कुरामा ध्यान दियो न त गठबन्धनसँग समन्वय गर्ने कुरामा।'

सुरुर अहमदका अनुसार कंग्रेस र आरजेडीबिचको गठबन्धनको बारेमा उत्पन्न भ्रमले पनि नतिजामा प्रभाव पारेको हुन सक्छ। यद्यपि, उनी कंग्रेस महागठबन्धनबाट अलग भएको भए अवस्था झनै खराब हुन सक्ने बताउँछन्। नचिकेता नारायणका अनुसार, 'कंग्रेस र यसका सहयोगीहरू बिच समन्वयको अभाव एउटा प्रमुख कारक थियो। धेरै सिटहरूमा मैत्रीपूर्ण 'झगडा' भयो, जुन चुनावी रणनीतिका लागि हानिकारक छ।'

*५. कमजोर संगठन र उम्मेदवारहरूको छनोट*

बिहारमा कंग्रेस पार्टीमा बलियो कार्यकर्ता वा समर्पित कार्यकर्ताको अभाव छ र पार्टी हालका वर्षहरूमा संगठनात्मक रूपमा अझ कमजोर भएको विश्लेषकहरूको भनाई छ । सुरुर अहमद भन्छन्, 'कंग्रेस भित्रको पार्टी संरचना बलियो छैन... कंग्रेससँग बिहारमा आरजेडी वा उत्तर प्रदेशमा समाजवादी पार्टी जस्ता समर्पित कार्यकर्ताहरू छैनन्।'

अजय कुमार पनि कंग्रेसले क्षेत्रीय दलहरू बिनाका राज्यहरूमा बलियो संगठन निर्माण गरे पनि बिहार जस्ता राज्यहरूमा बलियो क्षेत्रीय दलहरू भएकाले संगठन निर्माण गर्न धेरै हदसम्म असफल भएको बताउँछन्। यसैबिच, पत्रकार नचिकेता नारायणको विचारमा कंग्रेसका उम्मेदवारहरूको छनोट पनि शंकास्पद थियो। बीबीसी

# मधेसमा बहुजन राजनीतिक यात्रा नयाँ चरणमा प्रवेश



दैनिक समाचारदाता
जनकपुरधाम, २९ कात्तिक । जनकपुर-१४ मुजेलियामा बहुजन एकता पार्टी नेपालको मधेस प्रदेश जनसम्पर्क कार्यालय आज भव्य कार्यक्रमका साथ उद्घाटन गरिएको छ। मधेसमा बहुजन आन्दोलनलाई संगठित, सशक्त र योजनाबद्ध रूपमा विस्तार गर्ने उद्देश्यसहित स्थापना गरिएको यो कार्यालयलाई पार्टीले आफ्नो संगठनात्मक यात्राको महत्वपूर्ण मोडका रूपमा वर्णन गरेको छ।

उद्घाटन समारोहका प्रमुख आकर्षण तथा मुख्य अतिथि पार्टीका राष्ट्रिय अध्यक्ष हरिनन्दन कुमार रंजन रहे। अध्यक्ष रंजनको उद्घाटन मन्तव्यसँगै मधेसमा बहुजन राजनीतिक अभियान अब नयाँ चरणमा प्रवेश गरेको पार्टी नेतृत्वले जनाएको छ।

कार्यक्रममा बोल्दै पार्टीका वरिष्ठ नेता राजाराम पासवानले मधेसका बहुजन समुदायले आजसम्म भोग्दै आएका संरचनात्मक असमानता, प्रतिनिधित्वको अभाव र आवाजको उपेक्षा जस्ता समस्यालाई अब राजनीतिक रूपमा व्यवस्थित ढंगले उठाउँदै जाने बताउँदै जनसम्पर्क कार्यालय यस अभियानको केन्द्रबिन्दु बन्ने विश्वास व्यक्त गरे।

समारोहमा महासचिव सुरज महरा, वरिष्ठ नेता तथा संगठन अभियन्ता प्रकाश मेहरा, युवा नेता बृहद्रथ कुश्वाहा, केन्द्रीय कोषाध्यक्ष लक्ष्मी मण्डल, केन्द्रीय सचिव यशोदा तिम्ल्सिना, केन्द्रीय सदस्यहरू बुधनी देवी, उदय सहनी र सकुर भाटको उपस्थिति उल्लेखनीय थियो। त्यस्तै, बरहथवा नगरपालिका-१० की वडा अध्यक्ष तथा महिला अधिकारकर्मी सर्मिला कुमारी रामसहित रामेश्वर महरा, वैधनाथ पासवान, शत्रुघन महरा लगायतका सम्मानित अतिथिहरूको सहभागिताले कार्यक्रमलाई थप गौरवमय बनायो।

उद्घाटन समारोहमा बहुजन एकता पार्टीले मधेसमा "समानता, सामाजिक न्याय, आत्म-सम्मान र राजनीतिक सशक्तिकरण" लाई केन्द्रबिन्दु बनाई अब छिटो गतिमा जनसम्पर्क विस्तार, संगठन सुदृढीकरण तथा जनचेतनामूलक अभियान सञ्चालन गर्ने घोषणा गर्‍यो।

पार्टी नेतृत्व तथा सहभागी कार्यकर्ताहरूले यो उद्घाटन मधेसमा बहुजन समुदायको हक-अधिकार, पहिचान र राजनीतिक सहभागिताका मुद्दामा नयाँ ऊर्जा, उत्साह र दिशा प्रदान गर्ने ऐतिहासिक घटना भएको टिप्पणी गरे।

## मधेश.......

उपसभामुख राउतका अनुसार पछिल्ला दिनमा प्रदेशसभाको कार्यकक्षमै सांसदहरू थुनिनेजस्ता घटना देखिन थालेका छन्। वादविवाद एकाएक चर्किने, हातपातसम्मका घटनाको जोखिम बढ्ने र सुरक्षाकर्मीहरूले समेत सतर्कता अपनाउन सुझाव दिएपछि उनले निजी निवासमा बसाइ सार्न बाध्य भएको बताएकी छन्। यद्यपि उनले आफ्नो दायित्व र सदनको काम-काजमा कुनै असर नपर्ने स्पष्ट पारिन्। सभामुखविरुद्ध दर्ता भएको अविश्वास प्रस्तावपछि मधेश प्रदेशसभामा सत्ता-प्रतिपक्षबीचको दूरी झनै बढेको छ। राजनीतिक ध्रुवीकरण, आपसी अविश्वास र प्रक्रियागत विवादका कारण सदनको वातावरण असहज र तनावपूर्ण बनेको छ। यस्तो परिस्थितिमा सुरक्षा जोखिम बढेपछि उपसभामुखद्वारा उठाइएको कदमले प्रदेशसभाको संवैधानिक कार्यसम्पादन र भविष्यको राजनीतिक संयन्त्र कता मोडिन्छ भन्ने प्रश्न उठाएको छ।

## बिहार......

कांग्रेस वरिष्ठ नेता माकनले चुनावबारे उठाए गम्भीर प्रश्न

कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गेसँगको भेटपछि पार्टीका वरिष्ठ नेता अजय माकनले बिहार चुनावको नतिजाबारे गम्भीर प्रश्न उठाएका छन् । उनले भने, 'चुनाव प्रक्रियामा सुरुदेखि नै प्रश्न उठेका छन्, त्यसैले यस्ता नतिजा अचम्म लाग्ने खालका छन् । कांग्रेसलाई सन् १९८४ मा पनि यस्तो स्ट्राइक रेट मिलेको थिएन, जस्तो यसपटक भाजपालाई मिलेको छ । केही न केही गडबडी पक्कै छ । हाम्रा कार्यकर्ताहरूले लगातार धेरै ठाउँमा गडबडी भएको बताइरहेका छन् ।'

माकनका अनुसार गठबन्धनका सबै दलहरूले यो नतिजालाई 'अप्रत्याशित' मानेका छन् र यसको छानबिनको माग गरिरहेका छन् ।

## सभामुखको....

अस्थिर बनाएको छ।

सभामुखको उक्त कदमलाई असंवैधानिक, मनोमानी र प्रतिशोधपूर्ण कार्य भन्दै सात दल आक्रोशित बनेका छन्। सभामुख मण्डलले जारी गरेको पत्रको प्रतिवादस्वरूप उपसभामुखले त्यसलाई बदर गरिएको सूचना सार्वजनिक गरिसकेकी छिन्। तर, यो विषय अब सर्वोच्च अदालतसम्म पुग्ने निश्चितजस्तै देखिएको छ।

गठबन्धनले प्रदेशसभामा बहुमतको राजनीतिक अधिकारलाई कमजोर पार्ने, सरकार गठन प्रक्रियामा हस्तक्षेप गर्ने र संवैधानिक मूल्य-मान्यतालाई खलबल्याउने प्रयासलाई कुनै हालतमा सहन नहुने जनाएको छ। सात दलका नेताहरूले सभामुखको गतिविधिले प्रदेशसभालाई 'अराजकता' तर्फ धकेलिरहेको आरोप लगाउँदै नागरिकलाई लोकतान्त्रिक र संविधानिक व्यवस्थाको संरक्षणका लागि एकजुट हुन अपील गरेका छन्।

# निर्वाचनका लागि सहयोग गर्ने चीनको प्रतिबद्धता

दैनिक समाचारदाता

काठमाडौं, २९ कात्तिक । नेपालका लागि चीनका राजदूत छन सङले आम निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न चीनबाट नेपाल सरकारलाई हरसम्भव सहयोग हुने प्रतिबद्धता व्यक्त गरेका छन् ।

आगामी निर्वाचनका अतिरिक्त जारी द्विपक्षीय सहयोगका परियोजनामा पनि प्रगति भएकामा सन्तुष्टि व्यक्त गर्ने चिनियाँ राजदूतले 'बेल्ट एन्ड रोड' परियोजनामा पनि उल्लेख्य प्रगति भएको बताए ।



शुक्रबार साँझ मूलधारका प्रमुख सञ्चारमाध्यमका प्रमुख तथा सम्पादकहरूसँग भएको छलफलमा उनले 'नेपालमा व्यापार, लगानी, औद्योगिक 'पार्क' निर्माणलगायत सबैतिर प्रगति भएको छ, केही आयोजनामा केही विलम्ब हुनु अस्वभाविक होइन', भने ।

'बिआरआई परियोजनामा प्रगति भएको छ । ती सबै प्रशासनिक प्रक्रियामा छन्, तिनको सफल कार्यान्वयनका निम्ति स्थायी सरकार अपरिहार्य छ । आगामी चुनावपछि बन्ने सरकारबाट ती परियोजना द्रुतगतिमा कार्यान्वयन हुनसक्छन्', राजदूत छनले भने, 'हामी अन्तरिम सरकारसँग पनि निकट सम्पर्क र समन्वयमा काम गरिरहेका छौँ, तर यो सरकारको 'म्यान्डेट' आमनिर्वाचन गराउनुभएकाले हामीले निर्वाचनलाई नै प्राथमिकतामा राखेर काम गरिहेका छौँ ।'

चीनले हालै सार्वजनिक गरेको पञ्चवर्षीय योजनाको नेपाललगायत सबै छिमेकीका निम्ति आर्थिक विकासको ढोका खोल्ने जानकारी दिँदै चिनियाँ राजदूतले नेपालको आवश्यकताअनुसार योजना तर्जुमा गरिएको बताए ।

'नेपालका कृषि उत्पादनलाई चिनियाँ बजारमा पुर्याउने परियोजनामा काम भइरहेको छ, हाम्रो तयारी अन्तिम चरणमा पुगेको छ,' पञ्चवर्षीय योजनाका विशेषताबारे जानकारी दिँदै राजदूत छनले भने । ती योजना चीन र नेपालका निम्ति वरदान सावित हुने उनको कथन छ ।

नेपालको राजनीति स्थायित्व, विकास र समृद्ध नै चीनको चाहना भएको दोहोर्याउँदै उनले अन्तरिम सरकारसँग निकट सम्पर्कमा रहेर चीनले काम गरिरहेको बताए । रणनीतिक योजना तथा भरपर्दो विकास साझेदारको अभावमा नेपालको विकास सुस्त गतिमा भएको विश्लेषण सुनाउँदै उनले नेपालको विकासमा सघाउन चिनियाँ पञ्चवर्षीय योजनामा नेपालको विकासका परियोजना पनि समाहित गरिएका जानकारी दिए । अन्य छिमेकीलाई पनि सघाने परियोजना १५औं पञ्चवर्षीय योजनामा समेटिएका उनले बताए ।

ताइवान, हङकङ र मकाउ चीनका अभिभाज्य भूभाग हुन् भन्ने मान्यतालाई नेपालका सबै सरकारले स्वीकार गरेर एक चीन सिद्धान्तप्रति अटल ऐक्यबद्धता जनाएर तदनुरूप व्यवहार गरेकामा आभार व्यक्त गर्दै चिनियाँ राजदूतले चीन र नेपालबीचको मैत्री सधैँ सुमधुर रहेको बताए ।

चीन-नेपाल सम्बन्धलाई प्रभावित पार्ने विषयप्रति जेनजी अगुवाहरूको पनि विमति नरहेको आफूले पाएको उनले बताए । एक प्रश्नको जवाफमा राजदूत छनले चीन र नेपालले अन्तरराष्ट्रिय मञ्चहरूमा सहकार्य गर्दै आएको, दुवै देशले संयुक्त राष्ट्रसङ्घलाई केन्द्रमा राखेका, विधिमा आधारित विश्व व्यवस्थालाई मानेका बताए ।

राजदूत छनले भनेका छन्, 'आधुनिक चीनको निर्माणअघि जेनजी आन्दोलन चीनमा पनि भएको यसलाई विश्वका विभिन्न देशमा कुन पृष्ठभूमिमा भएका थिए त्यसको विवेचना गर्नुपर्छ, नेपालमा पनि राष्ट्रलाई केन्द्रमा राखेर गरिएको, सुशासन प्रवर्द्धनलगायत उनीहरूमा मुद्दा सकारात्मक परिवर्तनका निम्ति भएको मेरो बुझाइ छ ।'

राजदूत छनका अनुसार पन्ध्रौं पञ्चवर्षीय योजनामा चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वलाई सुदृढ गर्ने, जनताको हितलाई प्राथमिकता दिइएको, उच्चस्तरीय विकास हासिल गर्दै योजनाको अन्त्यसम्ममा प्रतिव्यक्ति आय २० हजार अमेरिकी डलर कायम गर्ने विकास र सुरक्षालाई समान रूपमा सुनिश्चित गर्ने, खुलापन नीतिलाई अझ विस्तार गर्ने, सहकार्यका नयाँ अवसरहरू खोल्ने, बहुपक्षीय व्यापार प्रणालीलाई दृढतापूर्वक समर्थन गर्ने, चिनियाँ विशेषतासहितको सामाजिक सुशासन सुदृढीकरण तथा राष्ट्रिय एकीकरणमा जोड दिएको छ ।

# वडाध्यक्ष यादवको हत्या दुई जना पक्राउ



दैनिक समाचारदाता

जनकपुरधाम, २९ कात्तिक । धनुषाको मिथिला बिहारी नगरपालिका-९ का वडाध्यक्ष विन्देश्वर यादवको शुक्रबार साँझ गोली प्रहारबाट मृत्यु भएको छ। सुरुवाती चरणमा घटनालाई अज्ञात व्यक्तिद्वारा गराइएको भनिए पनि प्रहरी अनुसन्धान अघि बढ्दै जाँदा सोही क्षेत्रका प्रहरी जवान शम्भु यादव संलग्न रहेको पुष्टि भएको छ। घटनाको पृष्ठभूमिमा पुरानो रिसिवी, राजनीतिक तिक्तता र योजनाबद्ध आक्रमणको संकेत प्रारम्भिक अनुसन्धानले देखाएको छ।

वडाध्यक्ष यादव स्थानीय प्रकाश यादवका पिताको १३औं दिने (नौकेश) मृत्यु संस्कारमा दाजु रामनाथ यादव तथा भाई अशेश्वर यादवसँग सहभागी हुन पुगेका थिए। त्यही क्रममा स्थानीय धर्मनाथ यादव मृत्यु संस्कार भइरहेका ठाउँमा आएर गालीगलौज गर्न थालेको प्रत्यक्षदर्शीहरूले बयान दिएका छन्।

# जसपा नेपालले केन्द्रीय समिति विस्तार गर्ने निर्णय गर्यो

दैनिक समाचारदाता

काठमाडौं, २९ कात्तिक । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), नेपालले पदाधिकारी र केन्द्रीय कार्यकारिणी समिति सदस्य थप्ने भएको छ । पार्टीको केन्द्रीय समितिको बैठकले एक उपाध्यक्ष, एक महासचिव र सात कार्यकारिणी सदस्य थप्ने निर्णय गरेको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

सात कार्यकारिणी सदस्यहरुको पदपूर्ति गर्दा मधेशी दलित १, महिला २, मुस्लिम १ र खुला ३ रहने छन् । आगामी केन्द्रीय समितिको बैठकबाट निर्वाचनद्वारा उपरोक्त पदहरुको पदर्पूति गरिने बस्नेतले बताए । पदाधिकारी तथा सदस्य थप गरेसँगै जसपा नेपालको पदाधिकारी २१ सदस्यीय र केन्द्रीय कार्यकारिणी समिति ४१ सदस्यीय हुनेछ । जसपा नेपालले केन्द्रीय समितिमा पाँच सदस्य थप गरेको छ ।

# उपेन्द्र यादवले उपाध्यक्ष र महासचिव थप्दै, कार्यकारिणी सदस्य पनि बढाउने

दैनिक समाचारदाता

काठमाडौं, २९ कात्तिक । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), नेपालले पदाधिकारी र केन्द्रीय कार्यकारिणी समिति सदस्य थप्ने भएको छ ।

पार्टीको केन्द्रीय समितिको बैठकले एक उपाध्यक्ष, एक महासचिव र सात कार्यकारिणी सदस्य थप्ने निर्णय गरेको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।


सात कार्यकारिणी सदस्यहरुको पदपूर्ति गर्दा मधेशी दलित १, महिला २, मुस्लिम १ र खुला ३ रहने छन् । आगामी केन्द्रीय समितिको बैठकबाट निर्वाचनद्वारा उपरोक्त पदहरुको पदर्पूति गरिने बस्नेतले बताए ।

पदाधिकारी तथा सदस्य थप गरेसँगै जसपा नेपालको पदाधिकारी २१ सदस्यीय र केन्द्रीय कार्यकारिणी समिति ४१



सदस्यीय हुनेछ । जसपा नेपालले केन्द्रीय समितिमा पाँच सदस्य थप गरेको छ ।


## अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035 9801674020







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४